कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
कोशी प्रदेश, नेपाल


पत्र संख्या: २०८०/०८१ (स्थानीय पदपूर्ति समिति)
सूचना नं. :- ०१- २०८०/०८१

मिति :- २०८०/०४/०४गते

## सेवा करार पदपूर्ति सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मिति :- २०८०/०४/०४

कचनकवल गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०३/२३ गतेको कार्यपालिका बैठकको निर्णयानुसार यस कार्यालयलाई आवश्यक तपसिल बमोजिम पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले सो पदका लागि तोकिएको योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले रित पूर्वक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगी वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

### तपसिल :-

| क्र. स. | विज्ञापन नं. | पद/तह | सेवा | परीक्षाको किसिम | परीक्षा दस्तुर | माग पद संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-२०८०/०८१ | स्टाफ नर्स / सहायक स्तर पाँचौ | करार | प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा अन्तर्वार्ता | रु. ७००/- (सात सय मात्र) | १ (एक) | १. नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्टाफ नर्स कोर्स उतीर्ण भई NMC मा दर्ता भएको हुनुपर्नेछ । |

- आवेदन फारम कचनकवल गाउँपालिकाको कार्यालय (राजश्व शाखा) वा kachankawalmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
- उम्मेदवारको उमेर हद :- आवेदन दिनुपर्ने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
- आवेदन बुझाउने स्थान :- कचनकवल गाउँ कार्यपालिकाको राजस्व शाखा।
- दरखास्त दस्तुर :- कचनकवल गाउँपालिकाको NIC Asia Bank, बनियानी शाखामा रहेको गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. 0672050029136002 मा नगद जम्मा गरी सक्कलै भौचर पेश गर्न सकिने वा गाउँपालिकाको राजस्व शाखा नगद जम्मा गरी सो को सक्कल रसिद पेश गर्नुपर्ने छ।
- आवेदन दिनुपर्ने अन्तिम मिति :- २०८०/०४/१८ गते (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा उक्त दिनको भोलिपल्ट कार्यालय समय सम्म)
- तलव स्केल तथा सेवा सुविधा :- नेपाल सरकारको प्रचलित नियमानुसार।
- परीक्षा मिति :- पछी प्रकाशन गरिनेछ।

दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु ( उम्मेदवार स्वयंले प्रमाणित गरेको हुनुपर्ने।)

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
२. आवश्यक शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि।
३. NMC मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।
४. सेवा सम्बन्धी तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपी
५. पासपोर्ट साइज फोटो- ३ प्रति।

*यस सम्बन्धी थप जानकारीको लागि मोबाइल नं :- ९८२०७४०३४१८( जागेश्वर यादव- स्वास्थ्य संयोजक) मा सम्पर्क गरी आवश्यक जानकारी लिन सकिनेछ।

.................................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :-

श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा। ( सूचना कार्यालयको वेभ साइटमा अपलोड गरिदिनुहुन।)